# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कुमाख गाउँपालिका
## सल्यान

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कुमाख गाउँपालिका

सल्यान

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कुमाख गाउँपालिका

सल्यान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ ज्येष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर, बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

कुमाख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सल्यान ।

१. **कैफियत सहितको राय** – हामीले कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ५ लाख २ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले यो वर्ष असुल गर्नुपर्ने रू.६ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१३ लाख ६० हजार र नियमित गर्नुपर्ने रु.८४ लाख ६९ हजार समेत रू.१ करोड ५ लाख २ हजार बेरुजु बाकी रहेको छ । कुमाख गाउँपालिकाको गतवर्ष सम्म रु.१२ करोड ४२ लाख ९६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ४७ लाख ९८ हजार रहेको छ । **कुमाख**

**गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कुमाख गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कुमाख गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# कुमाख गाउँपालिका,

## सल्यान जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६४ | २७ | १०५०२ | ० | ० | ० | ६४ | २७ | १०५०२ | ६७३ | ८४६९ | १३६० | ० | ० | ९८२९ | ० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १२४२९६ | ० | | १२४२९६ | ० | १०५०२ | १३४७९८ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ० | ० | ० |
| २ | गत विगत वर्षतर्फको | ० | ० | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १७७.२७ वर्ग किलोमिटर तथा जनसंख्या २४ हजार ९७२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१४ देखि २०८०।९।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि रसीमा -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, लेखापरीक्षण नीति मानदण्ड, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यास, लिखित प्रतिनिधित्वपत्रएबं लेखापरीक्षण अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण टोलिमा रहेको सिमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सिमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणगर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट (Sampling)गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेबारी व्यवस्थापन पक्षको रहेको छ । स्थलगत अवलोकन समेत गर्न नसकिएको रस्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ ।सारभुतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।छलफल भइ पेश भएका थप कागजातहरु समेत परीक्षण गर्दाकायम हुन आएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः

**(ङ) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय — व्ययतर्फ रु.१ अर्व ११ करोड ८६ लाख २० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

**(च) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा रु.५,१३,२६६/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ आन्तरिक नियन्त्रण

२.१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने, आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२.२ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

•जनयुद्द घाइते, बेपत्ता सहिद तथा प्रदेश प्राप्ति आन्दोलनको कार्यविधी अनुसार सार्वजनिक सुनुवाइ नगरेको,

• निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले तलवी प्रतिवेदन वेगरनै खर्च लेखेको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानिय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानिय राजस्व परामर्श समिती, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिती र बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितीहरु गठन गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाइयो ।साथै पालिकाले इन्धन, गाडि भाडा तथा अतिथि सत्कार जस्ता चालु खर्चमा नियन्त्रण गरी नागरिक लाभ हासिल हुने उत्पादकत्वमूलक पूर्वाधारका क्षेत्रमा खर्च केन्द्रित गर्नु पर्दछ ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।साथै वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक नगरेको, सहायक खाता अद्यावधिक नभएको, हस्तान्तरण गरेका जिन्सिको अद्यावधिक अभिलेख नराखेको, नियमावलीको व्यवस्था अनुसार सम्पूर्ण जिन्सि सामानहरु PAMS मा समावेश भएको सम्वन्धमा यकिन गर्न नसकिएको र जिन्सी निरिक्षण प्रतिवेदन समेत तयार नगरेको अवस्था छ । मालसामानहरु मध्ये मर्मत तथा लिलाम गर्नु पर्ने सामान यकिन गरी जिन्सि व्यवस्थापनलाई पूर्ण र व्यवस्थित वनाउनुपर्दछ ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिका अन्तर्गत रहेको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।

• कार्यविवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• पेश्की लेजर, व्यक्तिगत पेस्कीको विवरण खडा गरी अद्यावधिक गरी राख्नुपर्नेमा राखेको पाइएन ।यसले गर्दा पेस्कीको अद्यावधिक अवस्था यकिन गर्न सक्ने अवस्था छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुमा तयार नगरेको । कतिपय योजनाहरुको लागत अनुमान तयार तथा स्वीकृती, नापी मूल्याकन, जाँच, स्वीकृती, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार, स्वीकृत जस्ता आधारभुत कार्य नभएको र उक्त कागजातमा मिति समेत उल्लेख नभएको पाइयो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था भएपनि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरी राख्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयले योजना कार्यान्वयन गर्ने क्रममा कार्यक्रमगत कन्टिजेन्सि खर्चको अभिलेख नराखेकाले कन्टिन्जेन्सी खर्च यथार्थता एकिन गर्न नसकिएकाले नियमावलीको ब्यवस्था अनुरुप योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• एक लाख भन्दावढीको मालसामान खरीद गर्दा सार्वजनिक खरीद नियमावलीको नियम ११ वमोजिम कतिपय खरिदमा लागत अनुमान तयार नगरेको ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र सो सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गर्ने गरी अनुदानको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३ **वित्तीय विवरणको परीक्षण**

३.१ **वित्तीय विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ **शुत्र प्रणाली कार्यान्वयन -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ। पालिकाले सिग्यासतर्फको अन्तरसरकारी अख्तियारीतर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,८६,४५,१६१।०० , र अन्य रु.९,१२,०००/- समेत सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **आर्थिक कार्यप्रणाली —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

• पालिकाले सूत्र लेखा प्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । पालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन। उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। ऐनले तोके वमोजिमका बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

३.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१०,०४,८१,२१६।५५ मौज्दात रहेकोमा यो वर्ष रु.९,६१,६२,०१९।५७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४३,१९,१९६।९८ जिम्मेवारी फरक परेको छ । सो सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ४ योजना, बजेट तथा कार्यक्रम तर्फ

४.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा

परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।साथै पालिकाले सभाबाट स्वीकृत कार्यक्रम र प्रदेश सरकार तथा अन्य प्रदेश कार्यालयबाट संचालित पालिका क्षेत्र भित्रको योजना तथा कार्यक्रममा दोहोरो परे नपरेको यकिन गर्न संचालित योजना तथा कार्यक्रमको दोहोरो नपर्ने गरी अभिलेख राखेको नदेखिएकोले लगत राखी दोहोरो पर्नबाट जोगाउनुपर्दछ ।

४.४ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।२६ मा बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४.५ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।पालिकाको यस वर्ष विभिन्न योजना संचालनको लागि बजेट व्यवस्था गरेकोमा पालिकाले दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटो र कम महत्वका योजना छनौट गरी रकम खर्च गरेको देखिन्छ। दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरणगरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना छनौट गरी सञ्चालन हुनुपर्दछ।

## ५ कर्मचारी ब्यवस्थापन तर्फ

५.१ **करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ईन्जिनियर, सव ईन्जिनियर, असिस्टेन्ट सव ईन्जिनियर, अहेव, ल्याव असिस्टेण्ट, अनमि लगायतका पदमा २४ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.६८,५४,३४०।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६८,५४,३४० |

५.२ **दोहोरो भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघिय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम आतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थ

मन्त्रालयबाट नर्मस स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । कानुनी व्यवस्था वेगर पालिकाले निम्न प्राविधिक कर्मचारीलाइ फिल्ड भत्ता दिएको पाईयो । भ्रमण खर्च लिएका निम्न कर्मचारीले फिल्ड भत्ता समेत लिएकाले दोहोरो भत्ता भुक्तानी भएको हुँदा असुल गर्नुपर्ने रु.

| **पद** | **नाम** | **मासिक रु.** | **वार्षिक रु.** |
|---|---|---|---|
| ईन्जिनियर | श्री विश्वनाथ योगि | ७००० | ३५००० |
| सव इन्जिनियर | श्री हरि वहादुर राना | ६५०० | ७८००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री ज्ञान बहादुर चन्द | ५००० | ६०००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री कृष्ण बुढाथोकी | ५००० | ६०००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री उत्तर बस्नेत | ५००० | ६०००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री नविन भण्डारी | ५००० | ६०००० |
| सव इन्जिनियर | श्री पंकज थलाल | ६५०० | ५२००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री सूर्यदेव शाह | ५००० | ३०००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री दल बहादुर थापा | ५००० | ६०००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री गोविन्द भण्डारी | ५००० | ६०००० |
| खानेपानि सहायक टेक्निसियन | श्री जय प्रकाश थापा | ५००० | ६०००० |
| असिस्टेन्ट सव इन्जिनियर | श्री करिस्मा चलाउने | ५००० | ३०००० |
| **जम्मा** | | | **६४५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४५,००० |

६ **कानून निर्माण एवं कार्यान्वयन तर्फ**

६.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ५ वटा नियमावली, २५ कार्यविधि गरी ७० कानुन तथा कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

६.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा

विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष ६ वटा उजुरी परेकोमा ३ वटा उजुरी फछ्यौंट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ खर्च व्यवस्थापन तर्फ

७.१ **सोझै खरिद -** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम ५ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरीद गर्न सकिने तथा सोही नियमावलीको नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी पाँच लाख भन्दा वढीको खरीद गर्न नसकिने व्यवस्था गरेको छ। नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा कोटेशनको माध्यमवाट खरिद गरेका केहि उदाहरणहरु निम्नानुसार रहेका छन् । खरीद नियमावलीमा भएको व्यवस्था विपरित खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक खरीद कार्य हुन सकेको छैन । खरीद कार्य गर्दा नियमावलीको व्यवस्था वमोजिम गर्नुपर्दछ।

| गो भौ र मिति | भुक्तानी पाउने | विवरण | भुक्तानी रु |
|---|---|---|---|
| १८।०८०।२।१९ | एनएसटु इन्फोसिस, दांग | नविकरणिय उर्जा प्रविधि जडान शिर्षकवा सोलार सिस्टम खरिद | ९९८६४५ |
| २३५।०८०।२।२५ | सदीक्षा फर्निसिंग सप्लायर्स, नेपालगंज | फर्निसिंग र फर्निचर सामाग्रि | २४२०५४ |
| २८।०८०।३।२२ | लक्ष्मी अटो पार्टस एण्ड मर्मत सेन्टर | मोटरसाईकल १ | २९०९०० |
| ३८।०८०।३।२४ | एम एस ट्रेड इन्टरनेशनल | मोटरसाईकल १ | २३३००० |
| २६५।०८०।३।८ | ड्रिमल्याण्ड ट्रेडर्स प्रालि, तुल्सिपुर | मोटरसाईकल १ | ३५९९०० |
| १३।०७९।८।१२ | भण्डारी कन्स्ट्रक्सन | वडा नं ३ को सडक निर्माण तथा मर्मत | १००७९९८ |
| १२।०७९।८।१२ | जनक कन्स्ट्रक्सन सेवा | वडा नं १ र २ को सडक निर्माण तथा मर्मत | ६६००३२ |

७.२ **परामर्शदाता खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिबेदन तयार गर्नुपर्दछ ।पालिकाले यसवर्ष देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिबेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत

बजेट बमोजिमकै रकम खर्च गर्ने गरेको देखिन्छ । पालिकाको प्राविधिक जनशक्तिबाट डि.पि.आर. तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **अध्ययन भएको योजना** | **भुक्तानी रु.** |
|---|---|---|---|
| ३०।०८०।३।२३ | हेवाईल इन्जिनियरिंग कन्सल्टेन्सि प्रालि | कालागाउ स्वास्थ चौकि भवन निर्माण | ९९२८१८ |
| २९३।०८०।३।२० | इनोभेटिभ इन्जिनियरिंग सर्भिसेज प्रालि | ३ नं वडा कार्यालय भवन निर्माण | ४९८००० |
| | **जम्मा** | | **१४९०८१८** |

७.३ **ग्याबियन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार ग्याबियन जालीहरु सोझै खरिद गरी बाढि पहिरो पिडित नागरिकको निवेदन लिई स्थानिय विपद व्यवस्थापन समितिको निर्णयानुसार एक व्यक्तीलाई २ वटा देखि ७ वटासम्म बाडेको देखिन्छ । कार्यविधि वेगर खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।

| **भौ.नं. मिती** | **विवरण** | **भुक्तानी पाउने** | **रु.** |
|---|---|---|---|
| ८८।०७९।१२।७ | ग्याबियन बक्स ३४० थान | कोहिनुर इन्फ्रास्ट्रक्चर प्रालि, कोहलपुर बाके | ९६९९९२ |
| १२२।०७९।१२।१९ | ग्याबियन बक्स ३२४ थान | कालिका ग्याबिन एण्ड ववायर इण्डस्ट्रिज प्रालि, नेपालगंज | ९६८३५३ |
| | **जम्मा** | | **१९३८३४५** |

७.४ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि, २०७५ को बुँदा नं ३ मा लक्षित बर्गको पहिचान गर्नुपर्ने, बुँदा नं ४ मा अनुसुची १ बमोजिमको अंक प्रदान गरी बढी अंक प्राप्त गर्नेलाइ लाभग्राहीको रुपमा छनौट गर्नुपर्ने, बुँदा नं ५ मा लाभग्राहीलाइ बैक खाता खोलि कार्य प्रगतिका आधारमा दुइ किस्तामा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सातवटै वडाका १६८ जना लाभग्राहिको बैंक खातामा रु.४८ हजारका दरले जम्मा गरी जम्मा रु.८०,६४,०००।०० खर्च लेखेको छ । यस्तो वितरणमुखि कार्यक्रममा वितरणका लागी नागरिक छनौटको आधार स्पस्ट नभएको, हालसम्म कति लाभान्वित भए सो को अद्यावधिक अभिलेख नराखिएकोले दोहोरो पर्नसक्ने जोखिम रहेको, कार्यसम्पन्न प्रतिवेदन संलग्न नरहेको अवस्था देखिन्छ । सो को आधार स्पस्ट गरी सोको उपयोगको अवस्था यकीन हुने गरी अभिलेख राखि अनुगमन गरिनुपर्दछ ।

७.५ **अनुगमन तथा भ्रमण खर्च -** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अनुगमन तथा भ्रमणमा रु. ३० लाख खर्च गरेको छ । कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्वन्धी एकिकृत विवरण प्राप्त हुन नसकेकोले विश्लेक्षण गर्न नसकिएको,

• अधिकांश भ्रमणमा कार्यालयको काम उल्लेख भएपनि सो को नतिजा सुनिश्चित हुने गरी एबं कतिपय भ्रमण आदेशमा काम र भ्रमण गर्ने स्थान समेत उल्लेख गरेको पाईएन ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । व्यवस्थित भ्रमण अभिलेखको अभावमा एउटै समयमा दोहोरो भ्रमण खर्च दावी हुन सक्ने र एउटा कर्मचारीले अर्को कर्मचारीको नाममा समेत दैनिक भ्रमण भत्ता लिनसक्ने जोखिम रहन्छ ।अतः तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै अनुगमन तथा भ्रमण खर्चलाई मितव्ययि र प्रभावकारफ वनाउन आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नेतर्फ सम्वद्व पक्षको ध्यान जानुपर्दछ ।

## ८ खरिद/योजना व्यवस्थापन तर्फ

८.१ **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२,०५,२३,९०९।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.२ **योजनाविच तादाम्यता नभएको -** आयोजनाहरुको बिस्तृत अध्ययन प्रतिबेदन (DPR) तयारनै नगरी कार्यान्वयन गरेको पाइयो ।यसले गर्दा बजेटका आधारमा योजनाहरु बन्ने र विकासको आबश्यकता भन्दा पहुँचका आधारमा योजना छनौट हुने गरेको प्रब्रित्ति देखिन्छ ।अधिकांश पूँजीगत कार्यक्रमका योजनाहरु रु ५० हजार देखि ४ लाख सम्मका रहेकाले योजनाहरुवाट बान्छित लाभ नहुने, उत्पादकत्व हासिल नहुने र पूर्वाधारको विकास भन्दा छरिएर साना कार्यक्रम संचालन हुँदा परिणाम शुन्य हुने अवस्था देखियो । सभाबाट स्वीकृत अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । कोटेशनबाट समेत कार्य भएकोमा निर्माण कार्यको च्यानेज उल्लेख नभएको र कामको विवरण समेत कतिपयमा उल्लेख नभएकाले काममा दोहोरोपन पर्ने सम्भावना समेत देखिन्छ । पालिकाले यस बर्ष योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको सुनिश्चितता हुने गरी योजना तथा कार्यक्रम छनौट गरेको देखिएन। आर्थिक बर्ष २०७९।८० को योजना कितावमा विषय क्षेत्रगत कार्यक्रम,तथा संघिय तथा प्रदेश सरकारको अनुदानबाट सन्चालन हुने योजना तथा

कार्यक्रमहरु समाबेश नगरेबाट योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको छ भन्न सक्ने आधार देखिएन। कानुनको ब्यबस्था अनुसार योजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

८.३ **योजना संसोधन-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सभाबाट योजना तथा कार्यक्रम पास भई अख्तियारी दिएपछि सभाको निर्णय वेगर फरक योजना तथा फरक शीर्षकमा बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सभाको निर्णयले योजना संशोधन गर्दा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नाको उचित पुष्टयाइ उल्लेख नगरी कार्यपालिकाको निर्णयले छनौट भएका योजनाको बिनियोजन भएको योजना कार्यान्वयन हुन नसक्नाको उचित कारण बेगर पुरै बजेट घटाइ योजना बैंकमा नरहेका नयाँ योजनामा बिनियोजन गर्नुपर्ने आधार बेगर बजेट बिनियोजन गरी खर्च गरेको देखियो । जसका कारण ऐनको प्राबधान अनुसार आय प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा, निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन अनुसार पालिकाले योजना तथा कार्यक्रम स्विकृत गरी कार्यान्वयनका लागी प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिइ सकेपछि उचित कारण बेगर कार्यान्वयन नगर्नु उचित देखिएन । साथै योजना छनौटमा पदाधिकारीहरुको तजबिजी अधिकार प्रयोग भइ बास्तबिक जनताको आबश्यकताको योजना कार्यान्वयन नहुने जोखिम रहन्छ। यस बर्ष पालिकाले पुँजिगत तर्फ १८ योजना तथा कार्यक्रममा बिनियोजन भएको रकम रु.१ करोड २४ लाख ५० हजार बजेट घटाइ ऐन विपरित योजना संसोधन गरी २१ वटा योजना तथा कार्यक्रममा चालुबाट समेत रु.१ करोड २४ लाख ५० हजार खर्च गर्ने कार्य नियन्त्रण हुन पर्दछ। छनौट भएका योजना कार्यान्वयन नगरी अन्य योजनामा बिनियोजन तथा रकमान्तर गरेका केही उदाहरण निम्नानुसार छन्।

| **योजनाको नाम** | **शुरु बिनियोजित रु.** | **संसोधित योजनामा बिनियोजन तथा रकमान्तर रु.** |
|---|---|---|
| पिप्ले देखि सेतीकम हुँदै नेटासम्म सडक स्तरोन्नति | १७००००० | ० |
| घ्वातघ्वाते देखि कौछे खानेपानि निर्माण | २५०००० | ० |
| सेत्याईखालि देखि नम्रैना हुँदै चिनालिसम्म खानेपानि मर्मत | ० | ५००००० |
| विद्युतको पोल र तार खरिद | ० | १२००००० |
| मर्मत सम्भार खर्च | | ३०००००० |

८.४ **मौजुदा सूची तयार-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खन्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको

प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य बिशिस्टिकरणको आधारमा खरिद प्रकृया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरिय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनुपर्दछ ।

९ **ईन्धन तथा मर्मत**

**इन्धन तथा मर्मत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सम्पतिको समयमै मर्मत, सम्भार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत सम्भार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पत्तिलाई मर्मत गर्नुअघि मर्मत सम्भार तथा संरक्षण आदेश स्विकृत गर्नुपर्दछ । कार्यालयले यस बर्ष इन्धनमा (पदाधिकारी सुविधा सहित) रु.४५,८८,८१२।०० र सवारी मर्मतमा रु.३२,११,०३२।०० खर्च गरेको छ । उक्त खर्चहरुमध्ये जेसिवि व्याकुलोडर र ट्रिपर लगायतका मेशिनहरु र कार जीप लगायतका सवारी साधनहरुमा भएको खर्च छुट्टिनेगरी अभिलेख राखेको छैन । इन्धन खर्चगर्दा सवारी लगवुक खर्चसँग भिडान हुनेगरी पूर्णरुपमा नराखिएको र कतिपयमा सवारीको प्रयोजन र उद्देश्य समेत खुलाउने गरेको छैन । उच्च संख्यामा रहेका यस्ता सवारीसाधनहरुलाइ इन्धन र मर्मत खर्चमा वर्षेनी खर्चमा बढोत्तरी हुने गरेको छ । यस्ता हेभी मेशिनको भाडामा दिई राजस्व आर्जन भएको समेत देखिएन । आन्तरीक नियन्त्रण कार्यविधि तयार गरी यस्ता खर्चमा नियन्त्रण गरी लगवुक पूर्णरुपमा राखेर प्याम्समा समेत अभिलेख राख्नुपर्दछ । इन्धन खर्चमा भएका केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

| **भौ. नं. मिती** | **विक्रेताको नाम** | **भुक्तानी रु** |
|---|---|---|
| ८७०।०८०।३।२३ | भाग्यलक्ष्मी आयल स्टोर | १६९७९७।०० |
| ७००।०८०।३।७ | भाग्यलक्ष्मी आयल स्टोर | ३६२५८६।०० |
| ६१४।०८०।२।१९ | दिक्षा आयल स्टोर | ६६५००।०० |
| ४१८।०७९।१२।७ | भाग्यलक्ष्मी आयल स्टोर | ३८५१७६।०० |

१० **ठेक्का व्यवस्थापन**

१०.१ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण तथा भवनका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४४.४७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन

भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । यस्ता केही ठेक्काको उदाहरण निम्नानुसार रहेको छ ।

| **क्र. सं.** | **योजनाको विवरण** | **ठेक्का नं.** | **बोलपत्रदाता** | **लागत अनुमान** | **सम्झौता रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | पिप्लेदेखि सेतीकम्व हुँदै नेटासम्म सडक स्तरोन्नति कार्य | १।०७९।८० | स्वप्निल कन्स्ट्रक्सन | ८२२९८०२ | ४५६९७२२ | ४४.४७ |
| २ | कालागाउ स्वास्थचौकि भवन निर्माण | ६।०७९।८० | गोपाल निर्माण सेवा | १९१५०६९० | १२६६०२७१ | ३३.८९ |
| ३ | श्री जनकल्याण मावि भवन निर्माण | ३।०७९।८० | वि एण्ड वि इन्नोभेटिभ कन्स्ट्रक्सन | ४४१६१२१ | ३०००० ५३ | ३२.०७ |

यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन्

१०.२ (क) क्र. सं. १ को पिप्लेदेखि सेतीकम्व हुँदै नेटासम्म सडक स्तरोन्नति कार्यको प्रथम रनिंग विल वापत भौ नं ४।०७९।१०।२६ वाट रु.२६,६१,५७५।०० र अन्तिम रनिंग विल वापत भौ नं २०।०८०।३।१७ वाट रु.१५,६०,३०१।०० समेत रु.४२,२१,८७६।०० भुक्तानी भई कार्यसम्पन्न भएको उल्लेख गरेको छ । आइटम नं B(iii) को Earthwork excavation cutting & filling work- Soft Rock को सम्झौतामा ११२६.१२ घनमिटर (प्रति घनमिटर रु ११३) रहेकोमा कार्यसम्पन्नमा १४९४.३९ घनमिटर दावी गरेको छ । अन्य परिमाणमा उल्लेखनिय फरक नपरेकोमा यस आइटममा फरक ३६८.२७ घनमिटर (३२.७० प्रतिशत) फरक रहेकोमा सो को प्राविधिक पुस्ट्याई तथा कारण नखुलाइएको र सो को भेरियशन आदेश समेत स्वीकृत गराएको नपाईएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,६१५ |

१०.३ **१५ वेडको अस्पताल निर्माण –** निम्नानुसार ठेक्का नं १२।०७५।७६ वाट संघिय समपुरक कार्यक्रमबाट गाउपालिकाको १५ कोठे अस्पताल भवन निर्माण गर्न २०७६।५।१५मा मार्गदिवी निर्माण सेवासँग रु.२,८३,२३,९७७।०० को सम्झौता भई यसवर्ष भौ नं ४।०७९।६।१३ वाट चौथी रनिंग विल वापत रु.२३,८५,९०२।०० र भौ नं ५८।०७९।१०।२९ वाट पाचौ रनिंग विल वापत रु.१०,७१,२२६।०० समेत हालसम्म रु.१,३५,१४,४४६।०० भुक्तानी भएको देखिन्छ । पटक पटक गरी पाचौ पटक म्याद थपको म्याद २०८०।९।३० सम्म रहेको देखिन्छ । काम अपुरो नै रहेकोले उक्त थपिएको म्यादमा समेत कार्य सम्पन्न हुने अवस्था देखिएन ।

सोहि स्थान नजिक पुन संघिय सरकारको एकिकृत स्वास्थ पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ वेडको अस्पताल निर्माण गर्न २०७७।७८ मा बोलपत्र आह्वान भई ठेक्का नं १०।०७७।७८ वाट ०७८।३।९ मा खड्का पिएस जेभीसँग रु.११,३१,६०,२३५।०० को ठेक्का सम्झौता भएको देखिन्छ ।आर्थिक वर्ष २०७८।७९ सम्म

रु.२,१२,४३,२५८।८७ भुक्तानी भएकोमा यसवर्ष भुक्तानी भएको देखिएन । कार्यसम्पन्न गर्नुपर्ने म्याद २०८१ आषाढ मसान्तसम्म मात्र रहेकोमा सम्झौता भएको साढे २ वर्ष व्यतित भैसक्दा पनि १८.७७ प्रतिशत मात्र कार्य सम्पन्न भएकोले समयमा कार्य सम्पन्न हुने अवस्था देखिएन । पेस्की रु.९० लाख बाँकी रहेकोमा नेबिल बैंक, नेपालगंजकी पेस्की जमानतको म्याद २०८०।३।२९ सम्म मात्र रहेकोमा म्याद थप नभएको पाएकाले म्याद थप गर्नुपर्दछ ।

उक्त दुवै ठेक्काको संशोधित कार्यतालिका पेश भएन ।निम्नानुसारको तस्विर अनुसार ठेक्का नं १२।०७५।७६ को गाउपालिकाको ५ बेडको अस्पताल र ठेक्का नं १०।०७७।७८ को एकिकृत स्वास्थ पूर्वाधार विकास कार्यक्रम अन्तर्गतको १५ वेडको अस्पताल भवन एकैठाउ स्थापना गरिएकोले खर्चमा मितव्ययिता तथा प्रभावकारिताका कायम गर्न ध्यान दिएको पाइएन । एकै ठाउ दुई अस्पताल निर्माण भएपनि दुवै अस्पताल समयमा सम्पन्न हुन नसकेकाले नागरिकले वाञ्छित लाभ हासिल गर्न सक्ने अवस्था सिर्जना भएको पाईएन ।तोकिएको समयमै कार्यसम्पन्न गराउन पालिकाले विशेष पहल गर्नुपर्दछ ।

| **ठेक्का नं** | **ठेक्काको विवरण** | **सम्झौता मिति** | **निर्माण व्यवसायी** | **सम्झौतारु** |
|---|---|---|---|---|
| १२।०७५।७६ | गाउपालिकाको ५ बेड अस्पताल भवन | ०७६।५।१५ | मार्गदिवी निर्माण सेवा | २,८३,२३,९७७ |
| १०।०७७।७८ | १५ वेडको अस्पताल भवन | ०७८।३।९ | खड्का पिएस जेभीसँग | ११,३१,६०,२३५ |





१०.४ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०६ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर कार्यालयले उक्त अभिलेख राखेको छैन। साथै वोलपत्र विक्रि, दाखिला रजिस्टर, पत्रिकामा सूचना प्रकाशन लगायतका विड डकुमेन्ट सम्वद्ध सम्पूर्ण कागजात व्यवस्थित ढंगले एउटै फाइलमा राखेको समेत पाइएन । यसले गर्दा ठेक्का सम्वद्द कागजात मागेका वखत पेश नहुँदा ठेक्का तथा वोलपत्र व्यवस्थापन प्रकृयामा यकिन गर्न सक्ने अवस्था छैन । अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तथा फाइल व्यवस्थित तथा अद्यावधिक गरी राख्नुपर्दछ।

११ **स्थानीय संचित कोष**

**स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| **कुमाख गाउँपालिका** आय व्यय विवरण २०७९।०८० को | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | **आयतर्फ** | | **सि.नं** | **व्ययतर्फ** | | |
| | विवरण | रकम | | विवरण | रकम | कैफियत |
| १ | **गतवर्षकोजिम्मेवारी** | **९६१६२०१९.५७** | १ | चालुखर्च | ३२४३५०९५६.२८ | |
| | क) नगद | ० | २ | पूँजीगतखर्च | **१२०५२३९०८.७७** | |
| | ख) बैंक | ० | ३ | अन्यविषयगतनिकायकोखर्च | ० | |
| २ | **राजस्व ( आन्तरिकआय)** | **८४२४७२०४.०५** | | कसामाजिकसुरक्षा | ९८६४५१६१ | |
| | क) आन्तरिकराजस्व | ५३४७५८०.०९ | | ख.अन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९१२००० | |
| | ख) राजस्वबाँडफाँड | ७८८९९६२३.९६ | | ग | ० | |
| | ग) अन्यआय ग-प्रदेश राजश्व | | ४ | वित्तियव्यवस्थाभुक्तानी | ० | |
| ३ | वित्तियहस्तान्तरणसंघ | ३३३५१८०९६.० | | क) ऋणभुक्तानी | ० | |
| | क) वित्तियसमानीकरणअनुदान | १०००८५०००० | | ख) ब्याजभुक्तानी | ० | |
| | ख) सशर्तअनुदान | २२८९७५०००० | | ग) अन्यभुक्तानी | ० | |
| | ग) समपूरकअनुदान | १२४६४०९ | ५ | लगानी | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेषअनुदान | ३२११६८७ | | ऋणलगानी | ० | | |
| ४ | प्रदेशसरकारबाटप्राप्तअनुदान | ३५३२९५१२ | | शेयरलगानी | ० | | |
| | क) वित्तियसमानीकरणअनुदान | १०७७१००० | | अन्यलगानी | ० | | |
| | ख) सशर्तअनुदान | १९१२१४२३ | ६ | **धरौटीफिर्ता** | **२७०७९६८.८४** | | |
| | ग) समपुरकअनुदान | २२७५४३८ | ७ | जनश्रमदानफिर्ता | ० | | |
| | घ) विशेषअनुदान | ३१६१६५१ | ८ | **विविध कोष खर्च** | **३०३४३४०** | | |
| ५ | अन्तरस्थानीयतहबाटप्राप्त | ० | ९ | **संचितकोष मौज्दात** | ५८,७२५,१०७.७७ | | |
| ६ | अन्यविषयगतनिकायबाटप्राप्त | ० | | चालु र पुजिगत खर्त खाताबाट संचितकोषमा फिर्ता | २६७२९७९०.९ | | |
| | क | ० | | क) बैंकमौज्दात | ८५,४५४,८९८.६९ | | |
| | ख | ० | १० | शसर्तअनुदानफिर्ता | ८४६७४०२.३९ | | |
| | अन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९१२००० | ११ | गतबर्षकोबढीअल्या | ० | | |
| ७ | सामाजिक सुरक्षा | ९८६४५१६१ | १२ | जनश्रमदानमौज्दात | ० | | |
| ८ | प्रकोप व्यवस्थापन कोष आय | ० | **१३** | **धरौटी मौज्दात** | **५५६१२४५.७८** | | |
| ९ | विविध खर्च खाता आय | ३१८०९१७ | **१४** | **कोषखाताकोमौज्दात** | **११९१६२९.५** | | |
| १० | विषयगतनिकायबाटप्राप्त | ० | | प्रकोप व्यवस्थापन कोष खाता | ३७७२५२१.८९ | | |
| ११ | धरौटीआय | ११८३२४० | | खर्च कम देखिएको | ६१५८.४८ | | |
| १२ | लगानीकोसाँवाफिर्ता | ० | | विभाज्य कोष मौज्दात | १५०५४५८ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | विभाज्य कोष आय | २९५५५०० | | | | | |
| | **जम्मा** | ६५६१३३६४९.६२ | | जम्मा | ६५६१३३६४९.६२ | | |
| | | | | | | | |

१२ **आय**

**(क) आय अनुमान** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४९,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.५३,४७,५८०.०९ अर्थात अनुमान भन्दा ९.१३ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**(ख) आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०२६१२६१५.३४ | ५३४७५८०.०९ | १.७६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७६ प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ **राजस्व वाडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने प्रतिशत** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ३७६३६४५ | ४० | ० | १५०५४५८ |

१४ **क्षेत्रगत बजेट तथा खर्चको स्थिती**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२२००००० | २५९८३९४९ | ८०.६९ |
| २ | पूर्वाधार विकास | १५३९९४६०० | ७१६८६२१४.९३ | ४६.५५ |
| ३ | सामाजिक विकास | २२७३७७००० | २१५९१४०४६.५७ | ९४.९५ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३८०७५००० | ३४४६५१२९.६१ | ९०.५१ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२५९८२२४६ | ९६८२५५२४.९४ | ७६.५० |
| **जम्मा** | | **५७७६२८८४६** | **४४४८७४८६५.०५** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९४.९५ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ४६.५५ प्रतिशत रहेको छ ।

## १५ खर्च विश्लेषण तथा त्रैमासिक खर्च

**खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.५३,४७,५८०.०९ राजस्व बाँडफाँड र अनुदानबाट रु.४४,७७,४७,२३२/- समेत रु.४५,३०,९५,११२.०५आम्दानी भएकोमा चालु तर्फ रु.३२,४३,५०,९५६.२८ र पूँजिगत तर्फ रु.१२,०५,२३,९०८.७७ र वित्तीय ब्यबस्था तर्फ रु ० समेत रु.४४,४८,७४,८६५.०५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५२७६५०० खर्च भएको छ जुन आन्तरिक आयको ९८.६७ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.९० प्रतिशत चालु र रु.२७.०९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | १२०५२३९०८.७७ | ३३९५२९३ | ९२३४९४५ | ३६२८७०८० | ७१७१२४१४.७७ | ४१७८८२८८.७७ |
| प्रतिशत | ५७.३१ | १.६१ | ४.३९ | १७.२५ | ३४.०५ | १९.९२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२,०५,२३,९०८.७७निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३३,९५,२९३/- (१.६१प्रतिशत),दोस्रो त्रैमासिकमा रु.९२,३४,९४५/- (४.३९प्रतिशत), र तेस्रो त्रैमासिकमा रु.३,६२,८७,०८०/- (१७.२५प्रतिशत), खर्च गरेको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४,१७,८८,२८८.७७ (१९.९२प्रतिशत), खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १६ सेवा प्रवाह

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ३४४ व्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

## १७ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयवाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपूर्तीको अवस्था देहाय वमोजिम रहेको छ । रिक्त पदहरुको पदपूर्ती गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ती | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ५ | २ |

## १८ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भौ नं २०।०८०।३।१ वाट गोपाल निर्माण सेवालाइ रु.१५,००,०००।०० पेश्की दिएको छ । पेश्कीको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

## १९ आयतर्फ

ढुंगा गिटी वालुवा र दशहत्तर बहत्तर विक्रि गरी राजस्व संकलन गर्न ठेक्काको सूचना २०७९।८।२६ मा २०७९।९।११ सम्मको अवधि दिइ प्रकाशन गरेको र सो पश्चात तेश्रो पटकसम्म प्रकासन गरेकोमा ठेक्का नलागेको उल्लेख गरी २०७९।९।२६ मा ठेक्का नपरेकाले अमानतवाट उठाउने पालिकाले निर्णय गरेको देखिन्छ । प्रतिस्पर्धावाट आन्तरिक आय बृद्दि गर्नेतर्फ पालिकाले ध्यान दिइ यसलाई व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२० **शैक्षिक तथ्याङ्क**

पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।पालिकाले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (IEMIS), २०७९ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब. २०७९/८० मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा पालिकाले निरीक्षण गर्ने एवं सत्यापन गरी संख्या प्रमाणित गर्ने गरेको देखिएन।निरीक्षण एंवम सत्यापन गरी बास्तविक तथ्याङ्कको आधारमा अनुदान रकम उपलब्ध गराउनु पर्दछ।

२१ **छात्रवृति**

२१.१ छात्रा तथा दलित विद्यार्थि छात्रवृत्तीः शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ मा IEMIS मा प्रविष्टी भएको सँख्यालाई विद्यालय व्यावस्थापन को रोहवरमा सत्यापन भरी विद्यार्थी सँख्या यकिन गरेर मात्र छात्रवृत्री अनुदान निकाशा गर्नुपर्नेमा सत्यापन भरी वास्तविक विद्यार्थी सँख्या यकिन गरेको पाईएन ।साथै श्रेस्तासाथ संलग्न निकाशा विवरण अनुसार विभन्न ४८ विद्यालयका २३५९ छात्रा विद्यार्थीहरुलाई कूल रु.९,४३,६००/- र २६ विद्यालयका १०७ दलित छात्रलाई रु.४२,८००/- गरि जम्मा रु.९,८६,४००/- छात्रवृती अनुदान निकाशा दिएको छ।IEMIS मा प्रविष्टी भएको सँख्यालाई विद्यालय व्यावस्थापन को रोहवरमा सत्यापन भरी विद्यार्थी सँख्या यकिन गरेर बास्तविक विद्यार्थि संख्याका आधारमा मात्र छात्रवृत्री अनुदान निकाशा गर्नु पर्दछ।

२१.२ **सत्यापन बेगर छात्रवृति -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को दफा नं.२.८.४ कृयाकलाप नं.७.२.१.१ को ४.२(ख) मा बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न गुण्स्त सुधार तथा सिकाई निरन्तरताका लागि गैर आवासिय छात्रवृतिको व्यवस्था गरिएको छ।स्थानीय तहले छात्रवृतिको रकम उपलब्ध गराउदा गैर आवासिय प्रकृतिका छात्रवृति विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिनु पर्ने उल्लेख छ।। विद्यालयले शैक्षिकशत्र सुरु भएको २ महिना भित्र विद्यार्थिलाई वितरण गरी सक्नु पर्ने तथा विद्यालयले छात्रवृति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारीता अनुगमन गर्नुपर्ने व्यवस्था छ।पालिकाले विद्यालयबाट विद्यालयको अनुगमन तथा सत्यापन नगरी IEMIS तथ्याङ्कका आधारमा विद्यालयहरुलाई अनुदान रकम निकासा दिएको पाईयो।अतःसत्यापन गरेर मात्र बास्तविक विद्यार्थि संख्याका आधारमा छात्रवृति रकम निकासा गर्नु पर्दछ।पालिकाले यस वर्ष ४८ विद्यालयका २३५९ छात्रा तथा १०७ जना दलित छात्र गरी २४६६ जनालाई

रु.४००/- का दरले रु.९,८६,४००/- अनुदान रकम दिएको छ। अनुदान रकम दिँदा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित कार्यविधिको पालना गरी अनुदान रकम उपलब्ध गराउनु पर्दछ।

## २२ दिवा खाजा

शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकला.प नं. २.७.११.१ मा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक वालविकासदेखि कक्षा ६ सम्मका ४२६५ विद्यार्थीहरुलाई स्थानिय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिको वजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले विद्यालय भौतिक रुपमा चलेको दिन खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विद्यालय ब्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भएपछि मात्र थप अनुदान दिनुपर्ने ,दिवा खाजाको ब्यवस्था गर्दा वजारवाट खरिद गरिएको जङ्कफूड नखुवाई ताजा र पोषलो दिवा खाजाका लागी स्थानिय कृषि उपजमा आधारित खाद्यान्न ,तरकारी ,दुध,दही,माछा-मासु,फलफुल लगायतका सामाग्रीहरु गरी खरिद गरिएका खाद्यान्नको परिमाण र वील भर्पाई तथा भएको खर्च विद्यलय ब्यवस्थापन समिती र खाजा ब्यवस्थापन उप समिती वाट अनुमोदन गर्नपर्ने, विद्यलयवाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानिय तहवाट निरन्तर अनुगमन निरिक्षण गर्ने, दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या,प्रगती प्रतिवेदनले विद्यालयमा दिवा खाजा कार्यक्रम भएको वास्तविक खर्चको यथार्थता यकिन हुने उल्लेख छ। पालिकाले विद्यार्थिको हाजीर नलिई विद्यालयबाट उपलब्ध गराएको कक्षागत विद्यार्थि विवरण र खाजा खुवाएको संख्याका आधारमा यो वर्ष कुल रु.१,०६,६१,२८५।०० निकाशा गरिएको छ। विद्यालयले IEMIS मा उल्लेखित तथ्याङ्कको सत्यापन गरी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित sर्यविधि अनुसार विद्यार्थीको प्रमाणित यथार्थ संख्यात्मक विवरण,स्थानिय कृषि उपजको प्रयोग,भएको खर्चको अनुमोदन,स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन,विद्यार्थीको प्रमाणित हाजीरी आदि अनुसार दिवा खाजा उपलब्ध गराउने तर्फ तथा पालना गर्ने गराउने तर्फ सम्वन्धित सरोकारवालाको ध्यान जानु पर्दछ।

## २३ विद्यालय सुधार योजना

विद्यालय सुधार योजनाः शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को कृयाकलाप नं.२.७.१३.१० को ५.१ मा विद्यालय संचालन तथा व्यवस्थापन अन्तर्गत स्थानीय तहले विद्यालय संचालनको अवस्था यकिन गरी स्वीकृत बजेट बाडँफाड गरी कार्यक्रम पुस्तिकामा तोकिए बमोजिम विद्यालयलाई विद्यालय सुधार योजना तथा सामाजिक तथा आर्थिक लेखापरीक्षण वापतको रकम दिने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका ४६ वटा विद्यालयहरुको लेखापरीक्षण वापतको रकम रु.५,०५,०००।०० निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएको पाईएन। आ.व.२०७९/०८० को लेखापरीक्षण गराउनको लागि २०७९।०३।१५ को पत्रबाट नेपाल चाटर्ड एकाउन्टेन्ट संस्था(ICAN) मा आवद्ध भई सुचिकृत भएका लेखापरीक्षणको लागि निवेदन दिन सुचना जारी गरेको छ। आर्थिक वर्ष समाप्त भए पछि यथा शिघ्र लेखापरीक्षण गराई पालिकामा प्रतिवेदन पेश गर्नु पर्दछ।

## २४ पुस्तकालय अनुदान

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ तथा नियमावलीको नियम ११ मा रु.१ लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ साथै कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.९ कृयाकलाप नं.२.७.१३.१३ को ९.४ मा विद्यालयमा पुस्तकालय व्यवस्थापन फर्निसिङ्ग किताब खरिद तथा ई-पुस्तकालय समेत रु.६,५०,०००/-

अनुदान दिने व्यवस्था छ। यसरी अनुदान दिदा दोहोरो नपर्ने गरी जेष्ठताका आधारमा उच्च विद्यार्थि भएका विद्यालयलाई अनुदान दिन सक्ने व्यवस्था अनुसार यो वर्ष महेन्द्र मा.वि. लाई अनुदान दिएको छ। विद्यालयले सार्वजनिक खरिद ऐन नियम बमोजिम लागत अनुमान तयार गरी कानुनको प्रकृया अनुसार लागत अनुमान तयार गरेको छैन। लागत अनुमान तयार गरी पुस्तकालयमा कितावहरुको अभिलेख व्यवस्थित वनाउनुपर्दछ ।

## २५ पाठय पुस्तक अनुदान

२५.१ **निशुल्क पाठ्यपुस्तकः** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्ठ तथ्याङ्कलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट विद्यालय ब्यवस्थापनको रोहवरमा प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने,यकिन भएका विद्यार्थीका संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाव गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दोश्रो पटक अनुदान दिने,विद्यार्थीहरुले शैक्षीक सत्रको शुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने, विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाई विद्यालयले स्थानिय तहमा पेश गर्ने लगायतका विषयहरु उल्लेख गरेको छ। सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा गत वर्ष२०७८।७९को भुक्तानी दिन बाँकीको विवरण अनुसार ४२ विद्यालयका कक्षा १ देखि १० सम्मका ६२६३ विद्यार्थिहरुलाई गत वर्षको नपुग पाठय पुस्तक वापत रु.७,८८,४३३।९० र यस वर्ष ४८ विद्यालयका कक्षा १ देखि १० सम्म अध्ययनरत ५८३९ विद्यार्थीहरुका शुरुमा ७५ प्रतिशत रु.३०,४१,२८२।५० निकाशा गरेकोमा नपुग पाठ्यपुस्तक वापत थप रु.७,७५,९४२/- तथा ४ विद्यालयका कक्षा ११ र १२ का २१० विद्यार्थिका लागि रु.२,५१,३१३।६० गरी कल रु.४८५६९७२।-निकाशा खर्च लेखेको छ। पालिकाले IEMIS मा सत्यापन भरी विद्यार्थीको प्रमाणित यथार्थ संख्यात्मक विवरण,स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन,शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण तथा विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाईका आधारमा अनुदान दिई कार्यविधि पालना गर्ने गराउने तर्फ सम्वन्धित सरोकारवालाको साथै पालिको ध्यान जानुपर्दछ।

२५.२ **पाठयपुस्तक अनुदान बढी निकासा शिक्षा -** विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्ठ तथ्याङ्कलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने,यकिन भएका विद्यार्थीका संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाव गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दोश्रो पटक अनुदान दिने,विद्यार्थीहरुले शैक्षीक सत्रको शुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए

नपाएको अनुगमन गर्ने, विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाई विद्यालयले स्थानिय तहमा पेश गर्नु पर्ने लगायतका विषयहरु उल्लेख गरेको छ। निम्न विद्यालयले विद्यालयलाई खरिद विद्यार्थि संख्याभन्दा बढी खरिद बीलको समेत अनुदान दिएको र २५ प्रतिशत थप दिँदा समेत घटाएर अनुदान दिनु पर्नेमा नघटाईकन अनुदान दिएको हुदा बढी अनुदान निकासा असुल हुनु पर्ने रु.

| क्र सं | विद्यालयको नाम | गत वर्ष निकासा रकम रु. | गत वर्षको नपुग भनि यो वर्ष निकासा दिएको रु. | गत वर्ष र यो वर्ष गरी जम्मा निकासा रु. | विल रकम | फरक |
|---|---|---|---|---|---|---|
| १ | अरनिको मावि कोटनाउला-४ | १३६९९५ | ५५०१७.२० | १९२०१२.२० | १८१९११ | १०१०१.२ |
| २ | नारायण मावि रुमालगाउँ -२ | २२४६४१ | ७६५५५.०० | ३०११९६ | २९६०७८ | ५११८ |
| ३ | जनकल्याण आवि कोत्री-४ | २४६०६ | ५९८८.२० | ३०५९४.२० | २४२०३ | ६३९१.२ |
| ४ | कालिका आवि साधनमुढा-१ | १३२६५ | ३८०८.२० | १७०७३.२० | १४३२४ | २७४९.२ |
| ५ | आधारभूत विद्यालय बिर्केनेटी-७ | ८१४४९ | २९६२३.६० | १११०७२.६० | १०७३३७ | ३७३५.६ |
| | **जम्मा रकम** | **४८०९५६** | **१७०९९२.२** | **६५१९४८.२** | **६२३८५३** | **२८०९५.२** |
| | | | | | असुल गर्नुपर्ने | २८,०९५.२ |

## २६ पकेट विकास कार्यक्रम

२६.१ प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना अन्तर्गत पकेट विकास कार्यक्रम स्थानीय तहले सञ्चालन गर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष पकेट विकास कार्यक्रम अन्तर्गत निम्नानुसार खर्च गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| कार्यक्रमको नाम | भुक्तानी पाउने समुहको नाम | बजेट | खर्च रु. |
|---|---|---|---|
| बाख्रा पकेट विकास कार्यक्रम | झरना कृषक समुह | ७,००,००० | ७,००,००० |
| तरकारी पकेट विकास कार्यक्रम | बि एण्ड बि एकिकृत नमुना कृर्षि फर्म | ६,००,००० | ५,७८,००० |

| | | | |
|---|---|---|---|
| धानवाली पकेट विकास कार्यक्रम | पौरखी कृषि सहकारी | १२,००,००० | ९,०५,००० |
| **जम्मा रु** | | २५,००,००० | २१,८३,००० |

२६.२ **तरकारी पकेट विकास कार्यक्रम -** सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ मा रु.१ लाख भन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले उक्त कार्यक्रममा लाग्ने सम्पुर्ण खर्च तथा पालिकाको अनुदान लाभग्राही कृषकले व्यहोर्ने अंश समेतको लागत अनुमान तयार गर्नुपर्नेमा पालिका बजेटको मात्र लागत अनुमान तयार गरेको छ। बि एण्ड बि एकिकृत नमुना कृर्षि फर्म संग भएको सम्झौता अनुसार कुल लागत रु.११,७२,९९९/- लाग्ने उल्लेख छ। पालिकाको बजेट रु.६,००,०००/- अनुसार लागत अनुमान तयार गरी उक्त फर्मलाई रु.५,७३,०००/- दिने गरी लागत अनुमान तयार गरेको पाइयो। पानी तान्ने मोटर,विउ विजन,औषधि उपकरण समेतको एकिकृत लागत अनुमान तयार गरी पालिकाको बजेट अनुसार कृषकले व्यहोर्ने अंश खुलाई लागत अनुमान तयार गर्नुपर्दछ। साथै सम्पन्न भएको कामको एकिकृत प्रतिवेदन तयार गर्नु पर्दछ।

**लाभग्राही छनोटको आधार -** पालिकाले लाभग्राही छनौटको अंकभार सहितको मुल्याङ्कनको आधार तथा मापदण्ड तयार गरी व्यवसाय सञ्चालन गर्न पूर्वाधार भएको कृषक मध्ये उत्कृष्ट लाभग्राही छनौट गर्नु पर्नेमा पालिकाको पदाधिकारी रहेको मुल्याङ्कन समितिले लाभग्राही एकिकृत नमूना कृषि फर्म छनौट गर्दा अंकभार सहितको मुल्याङ्कन एंम मापदण्ड तथा मुल्याङ्कनका आधार खुलाएको पाईएन। तसर्थ वस्तुनिष्ठ मापदण्ड एंव मुल्याङ्कनको आधार तयार गरी लाभग्राहि छनौट गर्नु पर्दछ।

**कार्य मुल्याङ्कन -** लाभाग्राहीले प्राप्त अनुदान एंव लाभग्राहीबाट भएको सम्पुर्ण कृयाकलापको कामको मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा घेरबार प्रयोजन दिएको अंशको मात्र मुल्याङ्कन गरी अन्य खर्चहरुको विल भरपाई पेश गरी अनुदान रकम लिएको पाईयो ।तसर्थ सम्पुर्ण कृयाकलापको एकिकृत सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ।

---

२६.३ **बाखा पकेट विकास कार्यक्रम -** सार्वजनिक खरिद ऐन,२०६३ मा रु.१ लाख भन्दा बढीको खरिद गर्नु पर्दा सम्पुर्ण खरिद आइटम समावेश गरी एकिकृत लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। २१२/२०८०।०३।०५ बाखा पकेट विकास कार्यक्रमको लागि रु.७,००,०००/- को बजेटको व्यवस्था भएकोमा लाभग्राही झरना कृषक समुहको अंश घटाई झरना कृषक समुहलाई रु.६,६५,०००/- भुक्तानी भएको छ। लाभग्राहीले बाखापालनमा लाग्ने सम्पुर्ण लागतको एकिकृत लागत अनुमान तयार नगरी पालिका बजेटको आधारमा खोर निर्माण तर्फ रु.५,२८,२३०/- को मात्र लागत अनुमान तयार गरेको र बाँकी अन्य खर्चको विल भरपाई अनुसार रु.६,६५,०००/- भुक्तानी भएको छ। समुहको सम्झौतामा प्रास्तावित लागत रु.१४,४७,१४४/- देखिएको भएमा एकिकृत लागत अनुमान तयार गरेको पाइएन। कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने सम्पूर्ण खर्चको एकिकृत लागत अनुमान तयार गर्न पालिकाबाट प्राविधिक सहयोग लिई लागत अनुमान प्रकृयामा सुधार गर्नु पर्दछ।

**भुक्तानी प्रकृया -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ र १० मा रित प्रकृया तथा यथेष्ट प्रमाण कागजात पेश भएपछि भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिकाले रानीकोट वरपिपल कृषि कम्पनी प्रा लि को मिति २०८०।०२।२९ गते ५ थान विलका आधारमा २ वटा बोयर बोका र ३६ वटा स्थानिय खरि जातको बाखाको अनुदान रकम उपलब्ध गराएको छ। भौचर संग संलग्न फाटँवारीमा बोका तथा बाखाहरुको निरोगिता खुल्ने veterinary certificate बोका बाखाहरुको विमा गरेको प्रमाणहरु तथा समुहले

सदस्यहरुलाई बाख्रा वितरण गरेको आधार उल्लेख गरेको छैन। आवश्यक रित प्रकृया पुरा गरी अनुदान रकमलाई प्रभावकारी बनाउनु पर्दछ।

२७ **बहुक्षेत्रीय पोषण कार्यक्रम**

यो कार्यक्रममा खर्च स्थिति निम्न छ-

| **कार्यक्रम** | **बजेट** | **खर्च रु.** |
|---|---|---|
| पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह/सहकारीहरुलाई आय आर्जन कार्यक्रम | ६,२५,००० | ६,२५,००० |
| **जम्मा रु.** | **१९,१३,०००** | **१७,९०,०००** |

**आय आर्जन तथा पोषण व्यवस्थापन-** ३३२/२०८०।०३।२० पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह/सहकारीहरुलाई आय आर्जन कार्यक्रम अन्तर्गत पालिकाले वडा नं३ को श्री लालिगुराँस जनजाति महिला कृषक समुह अन्तर्गतका २५ जना सुनौलो हजार दिन भित्रका महिला सदस्यहरुको आय आर्जन तथा पोषण व्यवस्थापन प्रयोजनको लागि रु.६,२५,०००/- अनुदान दिएको छ।

**बाख्रा खरिद -** समुहले पेश गरेको रानीकोट वरपिपल कृषि कम्पनी प्रा लि को मिति उल्लेख नभएको विल अनुसार लोकल खरि जातको ५० वटा बाख्रा खरिद गरेको विल अनुसार र ढुवानी औषधिमा समेत रु.६,२५,००० अनुदान दिएको छ। संलग्न्न फाँटवारीमा बाख्राको निरोगिता तथा विमा गरेको प्रमाण/व्यवसाय सञ्चालनको लागि आवश्यक पुर्वाधारको स्थिति देखिने प्रमाण संलग्न्न गरेको पाइएन। अनुदान रकमको प्रभावकारिताको लागि आवश्यक प्रमाण लिएर मात्र अनुदान रकम उपलब्ध गराउनु पर्दछ।

**प्रगति प्रतिवेदन -** पालिका र समुह विच २०८०।०१।२५ मा भएको सम्झौताको शर्त नं१६ अनुसार कार्यक्रम सञ्चालन गर्ने समुहले महिला सहकारी तथा समुहमा बहुपक्षिय पोषण सम्बन्धि आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को अनुसुचि ५ को ढाँचामा प्रगति प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ। समुहले अनुदान लिएको ६ महिना पुरा भइसक्दा समेत प्रगति प्रतिवेदन पेश गरेको छैन। प्रगति प्रतिवेदन पेश नहुँदा अनुदान रकम उपयोगको अवस्था जानकारी नहुने भएकोले खरिद भएका बाख्राहरुको सुनौला हजार सदस्यलाई बुझेको भरपाई पालन पोषण प्रयोजन पुर्वधार,स्वास्य स्थिति,जोखिम न्युनिकरण गर्न विमा गरेको प्रमाण र व्यवसाय सञ्चालन गरी आय आर्जन अभिवृद्धि गरेको स्थिति समेत देखिने प्रगति प्रतिवेदन लिई आवश्यक रित प्रकृया पुरा गरी अनुदान रकमलाई प्रभावकारी बनाउनु पर्दछ।

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा २३ योजना सञ्चालन गरी यस वर्ष २६९ जनालाई ५७४७३ श्रम दिन रोजगारी उपलब्ध गराई रु.१,५४,६०,२७४/- श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना

छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## २९ सामाजिक सुरक्षा

२९.१ सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.९८,६४५,१६१/- खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत ५०२६ जना लाभान्वित भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। आ.व.२०७९।०८० मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ७ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.२३,९१८,१२८।००, दोश्रो त्रैमासिकमा रु.२४,५१३,८६७।००, तेश्रो त्रैमासिकमा रु.२४,९२३,६७३।०० र अन्तिम त्रैमासिकमा रु.२५,२८९,४९३।०० गरी जम्मा रु.९८,६४५,१६१।०० निकासा तथा खर्च लेखाङ्कन गरेको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

२९.२ **सामाजिक सुरक्षा (सञ्चित कोषमा दाखिला गर्नुपर्ने) -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण,लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने,प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने,भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने,केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले त्रैमासिक रुपमा बैंकमा निकासा गरेको रकम मध्ये वितरण नभई बाँकी रहेकोमा सोही वखत फिर्ता गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने गरेको देखिन्छ । त्रैमासिक रुपमा खर्च लेखी वितरण गर्ने गरेकोमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायले बैंकबाट फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार बैंकमा मौज्दात रहेको रकम फिर्ता लिई संघिय सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले सम्बन्धित बैंकबाट फिर्ता लाई संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| बैंकको नाम | रकम रु. |
|---|---|
| हिमालयन बैंकलिमिटेड | १,२६,४०९.०० |
| मुक्तिनाथ विकास बैंक,थारमारे | ३,७६,०९९.७१ |
| **जम्मा रु.** | **५०२५०८.७१** |

| प्रमाण पेश नगरेको | ५,०२,५०८.७१ |
|---|---|

२९.३ **सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु**

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया,भत्ताको दर,प्राप्त हुने बैंक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था,गैर सरकारी संस्था,सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन। यसबाट पारदर्शिता र जवाफदेहिता कायम हुने विधि तयार गरी पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ ।

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

• मृत्यू भएका र बसाईसराई गरी गएका लाभग्राहीको केन्द्रिकृत तथ्याङ्क अद्यावधिक गरेको देखिएन । विभिन्न वडामा वितरणका सम्बन्धमा गुनासो आएको र पत्रपत्रिकामा समेत समाचार प्रकाशन भएको सम्वन्धमा समेत गाउँपालिकाले छानविन गरेको पाइएन । छानविन तथा यकिन गरी सामाजिक सुरक्षा तथा भत्ता वितरणको प्रभावकारीताको सम्वन्धमा विश्वस्नियता कायम गर्नु पर्दछ ।

३० **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

## ३१ उपभोक्ता समितिवाट कार्य

३१.१ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा रू. १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ ।उपभोक्ता समिती दर्ता नहुने गरेका र गाउपालिकाले वित्तिय समानीकरण अनुदान तर्फका अधिकांश निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराइएको छ । दीर्घकालिन सोच अनुरुप योजनाहरुको डिपिआर तयार गरी सो अनुरुप बजेट विनियोजन नगरी प्रत्येक वर्ष टुक्रा टुक्रा लागत अनुमान तयार गरी बजेट विनियोजन गर्ने गरिएको छ । यसले गर्दा एकातर्फ बजेट छरिएर प्रबाह हुँदा योजनाको प्रतिफल गुणस्तरिय ढंगवाट हासिल नहुने र अर्कोतर्फ खरिद ऐन तथा नियमाबलीको पालना हुन नसकेको अवस्था छ । निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन ।भवन निर्माण समेतको कार्यलाइ बजेटको आधारमा बर्षेनि लागत अनुमानलाइ टुक्रा टुक्रा बनाइ लाभग्राहि समूहवाट भवन तथा संरचनाको निर्माण गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्

३१.२ **भवन निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनुपर्ने एबं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिती गठन गरी उपभोक्ता समिती मार्फत कार्य गराएको कारण भवन एबं कम्पाउण्डवालको निर्माण गुणस्तरिय छन् भन्न सकिने अवस्था छैन । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३१८।०८०।३।२४ | जनता मावि रागेचौरमा दुई कोठे तला थप रेलिंग सहित उ.स. | भवन निर्माण | २०७९६८२ |
| १८५।०८०।१।२९ | आदर्श आवि वस्नेतज्युलामा भवन मर्मत तथा शौचालय निर्माण उ.स. | भवन निर्माण | १३३०००० |
| २५०।०८०।३।१ | ६ नं वडा कार्यालय भवन तला थप एबं रंगरोगन उ.स. | भवन निर्माण | ९५०००० |
| १७।०८०।२।१९ र ३२।०८०।३।२३ | भेरी मावि वडा नं १ टाड्केमा चारकोठे भवन निर्माण | भवन निर्माण | ४९९९९९९ |
| ११।०८०।२।३ | नारायण मावि | भवन निर्माण | २५००००० |
| | **जम्मा** | | **११८५९६८१** |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३१.३ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च | मेशिन उपलव्ध गराउने फर्म |
|---|---|---|---|---|---|
| ११२।०७९।१२।१३ | वडा नं एक करेन्जी देखि गोहाकुटी सडक निर्माण उ.स. | २७३०९४ | जेसिभी | १७३००० | स्वप्निल कन्स्ट्रक्सन |
| १०५।०७९।१२।८ | रागेचौरदेखि वडा कार्यालयसम्म सडक मर्मत उ.स. | ७८५७२९ | जेसिभी | १२९००० | भावी कन्स्ट्रक्सन सेवा सप्लायर्स |
| ३१७।०८०।३।२४ | वडा नं दुई नेटा देखि शान्तिघाट जोड्ने सडक ट्र्याक निर्माण उ.स. | २०२१२४ | जेसिभी | २०२१२४ | स्वप्निल कन्स्ट्रक्सन |
| ९१।०७९।१२।७ | स्यान औल वाउनगाउ सडक निर्माण उ.स. | ५३०९९३ | स्काभेटर | ४७५१४२ | स्वप्निल कन्स्ट्रक्सन |
| | **जम्मा** | | | **९७९२६६** | |

३१.४ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले नगद सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः उपभोक्ता समितिको अर्थपूर्ण सहभागिता कायम गर्दै नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३१.५ **मर्मतसंम्भार -** नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी

समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरण गरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार पनि गरेको देखिएन ।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समिति बाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ।

३१.६ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ३२ सम्पत्ति व्यवस्था

३२.१ **सार्वजनिक जग्गा संरक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

३२.२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३३ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले ग्रिन सर्जील्यावबाट भौ नं ३४३।०८०।३।२२ बाट भुक्तानी दिई १६६९६ थान स्यानिटरी प्याड रु.१४,९९,८८५।०० (मु अ कर समेत)

मा खरिद गरेको छ। खरिद गरेको प्याड विद्यालयलाई बुझाएको भर्पाई पेश भएपनि विद्यालयहरुवाट हालसम्मको सेनिटरी प्याडको विवरण, मौज्दातको विवरण र छात्राहरुले प्याड बुझेको भर्पाई समेत पेश भएको छैन ।

३४ **अमानतबाट काम**

सार्वजनिक खरिद नियमावलीको नियम ९८.३ मा अमानतवाट निर्माण कार्य गर्नुपरेमा त्यस्तो काम १ लाख रुपैयाँमा नबढाइ खण्ड खण्ड गरी वार्तावाट गराउन वा निर्माण सम्वन्धी काम आबश्यक निर्माण सामाग्री उपलव्ध गराइ ज्यालामा दिन सकिने व्यवस्था छ । निम्नानुसार वडा सचिवहरुले वडा भित्रका काम निर्माण सामाग्री समेत आफै खरिद गरी सिमा भन्दा बढीको निर्माण कार्य गराएको देखिन्छ । कार्यालयवाट खरिद गर्नुपर्ने मालसामान वडा सचिव स्वयंले खरिद गरी अमानतबाट कार्य गराएको नियमसंगत नदेखिएको रु.

| **भौ.नं. मिती** | **योजना तथा कार्यक्रम** | **कामको विवरण** | **भुक्तानी पाउने** | **रु.** |
|---|---|---|---|---|
| २१७।०८०।२।१६ | गत आवका विभिन्न अधुरा आयोजनाका लागि | ह्युम पाइप तथा व्यवस्थापन खर्च | १ नं वडाका वडा सचिव श्री डिल्लिराज आचार्य | ६६१५२ |
| १४६।०७९।१२।३० | विभिन्न अधुरा आयोजनाका लागि | ह्युम पाइप तथा व्यवस्थापन खर्च | २ नं वडाका वडा सचिव श्री सुदन बहादुर शाही | १००००० |
| २७३।०८०।३।११ | गत आवका विभिन्न अधुरा आयोजनाका लागि | ह्युम पाइप तथा व्यवस्थापन खर्च | ३ नं वडाका वडा सचिव श्री निराजन केसी | ३९५१०७ |
| २४०।०८०।२।३० | वुवुको थानदेखि नाउली खोला हुँदै जिउला शेराडाडामा | ह्युम पाइप तथा व्यवस्थापन खर्च | ४ नं वडाका वडा सचिव श्री प्रशान्त लामिछाने | ३३९४५५ |
| २६०।०८०।३।७ | गत आवका विभिन्न अधुरा आयोजनाका लागि | ह्युम पाइप तथा व्यवस्थापन खर्च | ६ नं वडाका वडा सचिव श्री दिलाराम कठैत | ८१६८३ |
| २१८।०८०।२।१६ | गत आवका विभिन्न अधुरा आयोजनाका लागि | ह्युम पाइप तथा व्यवस्थापन खर्च | ७ नं वडाका वडा सचिव श्री ज्योती पंकज डिसी | २३०५२३ |
| २९१।०८०।३।२० | चोरपानी देखि मर्म सडकखण्डमा पर्ने जुगेखोलामा ह्युमपाईप जडान | ह्युम पाइप तथा व्यवस्थापन खर्च | ७ नं वडाका वडा सचिव श्री ज्योती पंकज डिसी | ३३९१४२ |
| | **जम्मा** | | | **१५५२०६२** |

| | |
|---|---|
| अनियमित भएको | १५,५२,०६२ |

३५ **औषधि खरिद -** पालिकाले निम्नानुसार रु.३९,३३,९९८।०० को औषधि सोझै खरिद गरेको पाइयो । पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा प्रतिस्पर्धात्मक तवरले आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति लगायतका विवरण भण्डारमा दाखिला गर्दा समेत खुलाउनुपर्दछ ।

यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

• आपुर्ति हुने औषधि डब्लु.एच.ओ. को सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिती, ब्याच नं. र म्याद समाप्त मिती उल्लेख गरि सम्वन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रीको लागी होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको।

• औषधिको जिन्सि कितावमा आम्दानी बाध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

• पालिकाले विभिन्न स्थास्थचौकिहरुलाई औषधि वितरण गरेकोमा औषधिवाइज भिडान हुने विवरण तयार नगरेको र स्थास्थचौकिले वितरण गरेको विवरण पेश भएको छैन ।

औषधि खरिदमा आवश्यकता पहिचान र खरिद योजनाका आधारमा खरिद गरि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।तोकिएको गुणस्तर अनुसारको औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक बर्षको अन्तमा बाँकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सि अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३६ **मुख्य मन्त्री रोजगार कार्यक्रम**

**अनुगमन तथा अभिलेख -** कर्णाली प्रदेश मुख्य मन्त्री रोजगार कार्यक्रम सन्चालन कार्यबिधि, २०७८ को दफा १७ मा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बिषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग, जिल्ला समन्वय समिति, सम्बन्धित स्थानिय तह र बिषयगत कार्यालयले कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ब्यबस्था छ । ।यस बर्षका योजना सम्बन्धित स्थानिय तह बाहेक कार्यबिधिले तोकेका निकायबाट अनुगमन मुल्यांकन गरी प्रतिबेदन दिएको देखिएन । साथै कार्यबिधिको दफा ५ मा आयोजना छनौट गर्दा स्थानियस्तरमा सृजना हुने रोजगारी तथा स्थानिय सामाग्रीको प्रयोग युवा, महिला, दलित र बिपन्न समुदायको रोजगारी प्रबर्द्धन हुने अधिकतम प्रतिशतको लागत साझेदारी हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने ब्यबस्था रहेकोमा यस बर्ष छनौट गरेका योजनामा उक्त लागत साझेदारी सुनिश्चित हुने आधार, गत विगतमा कार्य भएको अभिलेख, तथ्यांक तथा लगत राखेको देखिएन। यसले गर्दा कार्यमा दोहोरोपन नभएको र अपेक्षित नतिजा प्राप्त भएको छ भन्न सक्ने अवस्था छैन । कार्यबिधि अनुसार कार्यक्रमको पारदर्सिता र प्रभावकारीकताका लागी अनुगमन गर्ने व्यवस्था र कार्य अभिलेख राख्नुपर्दछ । दफा ४ मा योजना माग गर्दा र कार्यान्वियनमा एकाघर परिबारका तथा सो ब्याक्तिले अन्य आयोजना माग गर्न नपाउने ब्यबस्था रहेकोले छनौट भएका योजनाका लाभग्राही लक्षित समुहका र एकाघरका नभएको एकिन गर्ने आधार समेत तय गरी योजना कार्यान्वियन गराउनुपर्दछ।

| उपभोक्ता समितीको नाम | भुक्तानी रु |
|---|---|
| टाटके देखि नुवागाउँ हुदै राइरा सिमल सडक | १५००००० |

| | |
|---|---|
| सेतिकम खोला सिचाई कुलो निर्माण योजना | १५००००० |
| हिले देखि मर्मपरिकाँडा इखा जोगिनगाडे खा.पा. निर्माण | १५००००० |
| टिकाचौर देखि विक्रम खोला सम्म सडक मर्मत | १५००००० |
| चिसापानी देखि झारकाडाँ सम्म पक्कि नाला निर्माण | १५००००० |

३७ **मोबाईल खरिद**

स्थानिय तहका पदाधिकारी तथा स्थानिय तहमा कार्यरत कर्मचारीको लागि मुल्यवान सञ्चार उपकरण खरिद गरी व्यक्तिगत प्रयोजनको लागि उपलब्ध गराउन पाउने कानुनी व्यवस्था देखिदैन।पालिकाले जनस्वास्थ्य निरीक्षक मान सिंह वलीलाई स्पिशिफिकेशन नखुलाएको नेटकम सोलुसन एण्ड अफिस अटोमेसन सप्लायर्सबाट Samsung mobile सेट रु.४२,०३६/- मा खरिद गरी उपलब्ध गराएको पाईयो। निजलाई मोबाईल उपलब्ध गराउदा सहायक जिन्सी खातामा अभिलेख राखी भरपाई गराएको पाईएन। निज कर्मचारी MPH अध्ययनको लागि चीन गएकोमा मोबाईल सेट स्टोर फिर्ता नगरी आफु संगै लगेको पाइयो।अध्ययन विदामा रहेका कर्मचारीले लिएको मोबाईल अफिस कार्यमा प्रयोग नहुने तथा फरक स्पिशिफिकेशनको सामान बुझाउन सक्ने जोखिम रहेकोले निजबाट फिर्तालाई स्टोर दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,०३६ |

३८ **राजस्वको अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छ एकिन गर्न सकिएन । वडाहरुको म्यानुअल पद्दतिवाट राजस्व संकलन गर्ने गरेको पाइयो ।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

३९ **राजस्व आम्दानीको हिसाब**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६को दफा २८.१ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ । दफा २८. (२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्नेछ उल्लेख छ ।पालिकाले

प्राप्त गरेको राजश्व रकमको दैनिक आम्दानीको अभिलेख खाता महालेखा परिक्षकको फारम नंबर१०२ र आम्दानी /राजश्वको बैंक भौचर प्राप्त खाता महालेखा परिक्षकको फारम नंबर१०७ राखेको छैन। नियमावलीमा भएको व्यवस्था अनुसार अभिलेख नराख्दा तोकिएको अवधि भित्र दाखिला गरे नगरेको सम्बन्धमा जानाकारी हुन सकेन। अभिलेखको अभावमा संकलितन राजस्व समयमै दाखिला भएको एकीन गर्ने आधार छैन ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ।निम्नानुसारका वडा सचिवहरुले आम्दानी देखाएको रकमको नगदी रसिद तथा राजश्व रकमको दैनिक आम्दानीको अभिलेख खाता र सोको दाखिला भौचर पेश नगरेको हुदा छानविन गरी ढीलो वा घटी दाखिला गरेको देखिएमा व्याज समेत असुल गर्नु पर्ने रु.

| सि नं | वडा नंबर | वडा सचिवको नाम | बुझेको नगदी रसिद थान | आम्दानी देखाएको रकम रु |
|---|---|---|---|---|
| २ | २ | सुदन बहादुर शाही | १२ | ४४४१५५.३० |
| ३ | ३ | प्रकाशशाह/निराजन केसि | ४ | १९९८४४ |
| ४ | ६ | दिलाराम कठायत | ४ | १७१३७७ |
| **जम्मा** | | | | **८१५३७६.३०** |
| | | | प्रमाण पेश नगरेको | ८,१५,३७६.३ |

४० **आन्तरिक आयको लेखा**

आर्थिक कार्यबिध तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा विनियोजन, राजस्व धरौटी र अन्य कारोवारको लेखा महालेखानियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने व्यवस्था तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७को उपनियम२ मा सरकारी कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्नेन्साथै दफा ११(१) मा जिम्मेवार ब्यक्तिले प्रत्येक कारोबारको स्पष्ट देखिने गरी प्रचलित कानुनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरी राख्नुपर्ने उल्लेख छ। कार्यालयले आन्तरिक आयको स्पष्ट देखिने गरी अभिलेख फारमहरु राखेको छैन।निम्नानुसारका महालेखापरीक्षकको फारमहरु स्वीकृत भएकोमा उक्त फारमहरु प्रयोग गरी अभिलेख राखेको छैन्। आन्तरिक आम्दानीको शीर्षकगत आम्दानी दाखिला र बाँकीको हिसाबका लागि महालेखापरीक्षकको फारमहरु प्रयोग गर्नुपर्दछ ।

| महालेखापरीक्षकको फारम | फारम नम्बर |
|---|---|
| नगदी रसिद | १०१ |
| आम्दानी /राजश्वको दैनिक आम्दानी किताब | १०२ |
| आम्दानी /राजश्वको शीर्षकगत खाता | १०४ |
| आम्दानी /राजश्वको दैनिक गोश्वारा खाता | १०५ |
| राजश्वको दैनिक नगद प्राप्ती खाता | १०६ |

| | |
|---|---|
| आम्दानी /राजश्वको बैंक भौचर प्राप्त खाता | १०७ |
| आम्दानी /राजश्वको बैंक/नगदी किताब | १०८ |
| आम्दानी /राजश्वको बैंक हिसाव मिलान विवरण | १०९ |
| आम्दानी /राजश्वको शिर्षकगत आर्थिक विवरण | ११० |
| रसिद नियन्त्रण खाता | ९०४ |

४१ **राजस्व दाखिला नगरी हिसाब मिलान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ को उपदफा १ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको नगद रकम सोहि दिन वा त्यसको भोलि पल्ट राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ। खैरावाङ्ग विल्डर्स प्रा लि लाई पालिकाको जे.सि.बि उपलब्ध गराए वापत ३८८३ घनमिटर माटो खने वापत नगदी रसिद नं.२८६०३ बाट रु.२०,९००।०० आम्दानी गरेकोमा उक्त रकम राजस्व दाखिला गरेको देखिएन। प्राप्त नगद बैंक दाखिला गर्नु पर्नेमा दाखिला गरेको नदेखिएकोले उक्त रकम असुली गरी दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २०,९०० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

**कार्यालय र स्थान : कुमाख गाउँपालिका, सल्यान , कुमाख गाउँपालिका , सल्यान**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र कुमार चन्द | २०८०-५-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | यदु गहतराज | २०७८-१-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६७३,०९५.२ | ८,४६८,९१७ | १,३५९,९२१.०१ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १०,५०१,९३३.२१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०,५०१,९३३.२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९६१६२०१९.५७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३३५१८०९६ | **चालु खर्च** | ३२४३५०९५६.२८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३५३२९५१२ | **पूँजीगत खर्च** | १२०५२३९०८.७७ |
| **राजश्व बाँडफाँट** | ७८८९९६२३.९६ | **वित्तीय/अन्य व्यवस्था** | ११३७७३०३०.७१ |
| **आन्तरिक आय** | ५३४७५८०.०९ | | |
| **अन्य आय** | १०६८७६८१८ | | |
| **कुल आय** | ५५९९७१६३०.०५ | **कुल खर्च** | ५५८६४७८९५.७६ |
| **बाँकी मौज्दात** | | ९७४८५७५३.८६ | |